२०८० सालको मापदण्ड नं. १

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ | संख्याः १ | मितिः२०८०।०२।२६

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका उत्कृष्ट वडा छनौट मापदण्ड, २०८०

**<u>प्रस्तावनाः</u>**

हेटौंडा उपमहानगरपालिका अन्तर्गत रहेका वडा कार्यालयहरुले प्रत्येक आर्थिक वर्षमा हेटौंडा उपमहानगरपालिकाको नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्थालाई मूल्याङ्कन गरी वडा कार्यालयहरुवीच प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी समग्र नगर विकासको आकांक्षा पूरा गर्न र पुरस्कार तथा सम्मान प्रदान गर्ने कार्यलाई पारदर्शी बनाउन वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो मापदण्ड स्वीकृत गरी लागू गरेको छ ।

हेटौंडा राजपत्र

## प्रारम्भिक

## परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "हेटौंडा उपमहानगरपालिका उत्कृष्ट वडा छनौट मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ख) "मापदण्ड" भन्नाले हेटौंडा उपमहानगरपालिका उत्कृष्ट वडा छनौट मापदण्ड, २०८० लाई सम्झनुपर्छ ।

(ग) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(घ) "वडा" भन्नाले हेटौंडा उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालयलाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(च) "उपप्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "पुरस्कार र सम्मान" भन्नाले उतकृष्ट कार्यसम्पादन गरी नतिजा प्राप्त गर्ने वडा कार्यालयलाई प्रदान गरिने नगद वा जिन्सी वा सम्मानपत्रलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## अवधारणा तथा उद्देश्य

३. **मापदण्डको अवधारणाः** उपमहानगरपालिकाभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमको कार्यान्वयनमा सुधार गरी गुणस्तरमा सुधार ल्याउन उत्कृष्ट कार्यसम्पादन गर्ने वडा कार्यालयलाई निष्पक्ष रुपमा सम्मान तथा पुरस्कार प्रदान गरी वडा कार्यालयहरुबीच प्रतिस्पर्धात्मक क्षमताको विकास गर्नु यस मापदण्डको अवधारणा रहेको छ ।

४. **मापदण्डको उद्देश्यः** यस मापदण्डको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्-

(क) सम्मान तथा पुरस्कारलाई व्यवस्थित र पारदर्शी बनाउने ।

(ख) वडा कार्यालयहरुको कार्य प्रगतिको मूल्याङ्कनको आधार तय गर्ने ।

(ग) वडा कार्यालयहरुबीच प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।

(घ) योजना तथा कार्यक्रमको पूर्ण कार्यान्वयनको सुनिश्चितता गर्ने ।

## परिच्छेद-३

## छनौट प्रकृया तथा मूल्याङ्कनका आधारहरु

५. **पुरस्कार तथा सम्मान पाउनेः** (१) उपमहानगरपालिकाबाट प्रदान गरिने पुरस्कार तथा सम्मान पाउने वडा कार्यालयको अन्तिम नामावली नगर कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) पुरस्कार तथा सम्मानको संख्या, प्रकार तथा रकम नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) वडा कार्यालयको कार्यसम्पादन तथा नतिजाको मूल्याङ्कनको आधार दफा ६ बमोजिम हुनेछ ।

(४) उत्कृष्ट वडा घोषणा गरी प्रदान गरिने पुरस्कार तथा सम्मान वापतको रकमबाट प्रशासनिक खर्च नगरी सार्वजनिक निर्माणमा मात्र खर्च गर्नु पर्नेछ ।

६. <u>मूल्याङ्कनका आधारहरुः</u> (१) हेटौंडा उपमहानगरपालिकाको प्रत्येक आर्थिक वर्षमा छनौट भएका योजना तथा कार्यक्रमहरु ९०% भन्दा बढीको वित्तीय तथा भौतिक कार्य सम्पन्न गर्नुपर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्षमा छनौट भएका योजना तथा कार्यक्रमको वैशाख मसान्तसम्म सम्झौता गर्नुपर्नेछ ।

(३) प्रत्येक आर्थिक वर्षको जेष्ठ मसान्तसम्म योजना तथा कार्यक्रमको भूक्तानीको लागि आर्थिक प्रशासन शाखामा फाइल पेश गर्नुपर्नेछ ।

(४) हेटौंडा उपमहानगरपालिकाको राजस्व वृद्धिमा अन्य वडाको सरह वा सो भन्दा बढी योगदान गरेको हुनुपर्नेछ ।

(५) प्रत्येक आर्थिक वर्षमा वडामा जाने बजेट सिलिङ्गबाट वडा स्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्दा कम्तिमा एक वटा योजना रु.२५ लाखको हुनुपर्नेछ ।

७. <u>मूल्याङ्कन तथा सिफारिस समितिः</u> (१) उपदफा (६) बमोजिमको मूल्याङ्कनको आधारमा उत्कृष्ट वडा छनोट गर्नको लागि देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समति गठन गरिने छः

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) शहरी पूर्वाधार विकास महाशाख प्रमुख | सदस्य |
| (ग) सामाजिक विकास महाशाखा प्रमुख | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) सामान्य प्रशासन महाशाखा प्रमुख | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार अन्य विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) उपदफा (६) बमोजिमका मूल्याङ्कनका आधारहरुमा रही उत्कृष्ट वडा छनोट गरी नगर कार्यपालिकामा पेश गर्ने ।

(ख) यस कार्यविधि बमोजिम उपलब्ध गराइने सम्मान तथा पुरस्कार कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गरी सोको प्रतिवेदन वार्षिक रुपमा कार्यपालिकामा पेश गर्ने,

(ग) यस कार्यविधिको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकामा परामर्श उपलब्ध गराउने,

(घ) नगर कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४
## विविध

८. **बाधा अड्काउ फुकाउने अधिकारः** यस मापदण्डको उद्देश्य कार्यान्वयन गर्न केही बाधा अड्काउ भएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

९. **प्रचलित कानून बमोजिम हुनेः** यस मापदण्डमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. **यसै मापदण्ड बमोजिम हुनेः** यस मापदण्डमा उल्लेख भएका विषयवस्तुहरुको सम्बन्धमा हेटौंडा उपमहानगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा उत्कृष्ट वडा छनोट शीर्षकमा विनियोजन गरेको बजेट कार्यान्वयनको लागि मात्र लागू हुनेछ ।

११. **खारेजी र बचाऊः** (१) यस मापदण्ड जारी हुनुभन्दा अगाडि भए गरेका काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(२) यो मापदण्डको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र